नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल हज समितिको सचिवालय

बबरमहल
काठमाडौं, नेपाल

पत्र संख्याः २०७६/०७७
चलानी नं.: ६०

मितिः-२०७६/०८/०१

विषयः हज आवेदन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

वि.सं.२०७७ (सन् २०२०) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने इच्छुक नेपाली मुसलमानहरुले सक्कल राहदानी समेत राखी २०७६ साल मंसिर १ गते देखि मंसिर ३० गते भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत आवेदन पेश गर्ने सम्बन्धमा सूचना यस समितिको २०७६/०६/१२ को निर्णयानुसार मिति २०७६/०८/०१ गतेको गोरखापत्र दैनिकमा प्रकाशित गरिएको छ । हज आवेदकहरुले भर्नु पर्ने आवेदन फाराम गृह मन्त्रालयको वेभसाईट https://www.moha.gov.np मा गई Excel File डाउनलोड गरेर Entry Sheet मा आवेदकले विवरण राखी Print Sheet मा गई फाराम प्रिन्ट गर्न सक्नेछ। आवेदन फारामको नमूना यसैसाथ संलग्न छ।

हज गर्न जान चाहने ईच्छुक व्यक्तिहरुका लागि नेपाल हज समितिबाट प्रकाशित आवेदन भरी बुझाउन गरिएको सूचनाको जानकारी स्थानीय मुस्लिमसँग सम्बन्धित संघ-संस्था तथा ती संघ-संस्थाहरुका लागि प्रतिनिधिहरुलाई समेत संलग्न गराई सूचनाको प्रचारप्रसार कार्यमा समेत सहयोग गरी दिनु हुन अनुरोध छ । उक्त फाराम हजयात्रामा जान ईच्छुक व्यक्तिहरुलाई उपलब्ध गराई सूचनामा उल्लेखित कागजात सहितका आवेदन फाराम मिति २०७६/०८/३० गतेसम्म बुझी उक्त फाराम मिति २०७६/०९/०७ गतेसम्म नेपाल हज समितिको सचिवालय, बबरमहलमा आई पुग्ने गरी पठाई दिनु हुन अनुरोध छ ।

साथै हजका लागि आवेदन बुझी लिएका जिल्ला प्रशासन कार्यालयहरुले हज सम्बन्धी कार्य गर्नका लागि त्यस कार्यालयको कुनै एक जिम्मेवार कर्मचारीलाई तोकी निजको नाम र मोबाइल नम्बर nepalhaj@gmail.com मा पठाई दिनु हुन अनुरोध छ ।

२०७६/८/१
यादव सुवेदी
(सदस्य -सचिव)

फोन नं. ०१-४२२३८८५, इमेलः nepalhaj@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालयको सूचना

२०७७ साल (सन् २०२०) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुले देहाय अनुसारका कागजातहरु संलग्न राखी मिति २०७६ साल मंसिर ०१ गते देखि २०७६ मंसिर ३० गतेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा रीतपूर्वकको आवेदन फाराम पेश गर्न नेपाल हज समितिको मिति २०७६/०६/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। हज आवेदकले भर्ने फाराम गृह मन्त्रालयको वेभसाइट http://www.moha.gov.np मा गई Excel File डाउनलोड गरी Entry Sheet मा विवरण भरी Print Sheet बाट Print गर्न सकिनेछ। साथै गत वर्ष सन् २०१९ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई पहिलो प्राथमिकतामा राखी बाँकी आवेदकहरु मध्ये पहिले आवेदन गर्ने व्यक्तिलाई दोश्रो प्राथमिकताको पहिलो स्थान दिइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१ थान

२. सक्कलै राहदानी (MRP) -१ थान

३. राहदानीको प्रतिलिपी -१ थान

(राहदानी वाहकको पूर्ण विवरणः नाम, ठेगाना, जन्म मिति, लिङ्ग तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए/नभएको एकीन भएको)

४. हवाई टिकट र साउदी अरबमा लाग्ने घरभाडा, परिवहन खर्च, मौल्लिम दस्तुर र मक्कामा खाना खर्च एकीन भए पछि थप रकम पुनः दाखिला गर्ने गरी हाललाई राष्ट्रिय वाणिज्य बैंक, सिंहदरवार शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ११३००००३९६०१ वा सनराईज बैंक पुतलीसडक शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ०२२०५२०६१३७०१००१ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक वा सनराईज बैंकको कुनै पनि शाखाबाट रु. १,२५,०००।- (एक लाख पच्चिस हजार मात्र) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदक) को नाम र पासपोर्ट नं. उल्लेख गरेको सक्कलै भौचर -१ थान

५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो -४ प्रति

(फोटोको पछाडि नउड्ने मसीले नाम, पासपोर्ट नं. र ठेगाना अनिवार्य उल्लेख गरेको हुनुपर्ने)

६. महिला आवेदकको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भई हज गर्न जाने निजका (पति, बुबा, दाजु, भाई, छोरा वा छोरीज्वाई मध्ये कुनै एकसँग) नाता खुल्ने कागजात र राहदानीको प्रतिलिपी समेत -१/१ प्रति

सदस्य सचिव

७. राहदानी (MRP) नबनाएका व्यक्तिले जिल्ला प्रशासन कार्यालयमा समयमै सम्पर्क गरी राहदानी (MRP) बनाई निवेदन पेश गर्नु पर्नेछ। जिल्ला प्रशासन कार्यालयहरुले पनि हजयात्रीहरुको राहदानी बनाउन प्राथमिकता दिई सहयोग गरी दिनु पर्नेछ ।

८. ३ (तीन) बर्ष भित्र हज गर्न नगएको व्यक्ति हुनुपर्नेछ ।

९. ७५ बर्ष भन्दा माथिको व्यक्ति आवेदक भएमा निजको साथमा १ जना सहयोगी व्यक्ति राख्नुपर्ने (अशक्त र रोगी भएको व्यक्ति नहुनु पर्नेछ)

पुनश्चः गत वर्ष हज गर्न जान नपाएका २२० जना हजयात्रीहरुले सन् २०२० मा हज गर्न चाहेमा निजले रकम फिर्ता नलिएको भए एक प्रति फाराम, भौचरको प्रतिलिपी र २ प्रति फोटोका साथ आफु हज गर्न जान चाहने व्यहोरा उल्लेख गरिएको निवेदन संलग्न राखी जिल्ला प्रशासन कार्यालयमा पुनः आवेदन गर्नु पर्नेछ । पुनः आवेदन नदिएका व्यक्तिलाई हजयात्रामा समावेश नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**थप जानकारीका लागि**

नेपाल हज समितिको सचिवालय

बबरमहल काठमाण्डौं ।

फोन नः-०१४-२२३८८५, ०१४-२२३९१९

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समितिको सचिवालय
बबरमहल, काठमाडौं

२०७६/८/१

सदस्य सचिव